कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा विकास निर्देशनालय
# सामाजिक विकास कार्यालय
सल्यान, नेपाल

## अपाङ्गता रोकथाम तथा पुनस्थापना सम्बन्धी क्रियाकलाप सञ्चालनको लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

सूचना प्रकाशित मितिः२०८२।०९।२२ गते

प्रस्तुत विषयमा आ.व. २०८२।०८३ को वार्षिक स्वीकृत वजेट तथा कार्यक्रम तर्फको अपाङ्गता रोकथाम तथा पुर्नस्थापना सम्बन्धी क्रियाकलाप सञ्चालन (क्रियाकलाप शिर्षक नं २.७.२५.५७८) शिर्षकसंग सम्बन्धित क्रियाकलापहरु सल्यान जिल्लाका स्थानीय तहहरुमा अपाङ्गता रोकथाम तथा पुर्नस्थापना सम्बन्धी कार्यक्रम गर्नु पर्ने भएकोले यस क्रियाकलापलाई सञ्चालन गर्न चाहने ईच्छुक संघ संस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले पन्ध्र (१५) दिन भित्र देहाय बमोजिमको कागजात सहित रु दुई ( रु.२००,००० ) लाख नबढ्ने गरी प्रस्ताव (आर्थिक तथा प्राविधिक) पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

..................
कृष्णप्रसाद अधिकारी
सामाजिक विकास अधिकृत

पेश गर्नुपर्ने आवश्यक कागजातहरु

- सम्बन्धित वडा कार्यालय वा स्थानीय तहको सिफारिस,
- संस्था दर्ता, नविकरण र स्थायी लेखा नम्बर लिएको प्रमाणपत्र प्रतिलिपी,
- आ.व. २०८१।०८२ को लेखा परिक्षण प्रतिवेदन र कर चुक्ता प्रमाणपत्र प्रतिलिपी,
- कार्यक्रमको लागि प्रस्ताव ( आर्थिक र प्राविधिक समय तालिका सहित ) र २५ प्रतिशत संस्थाले साझेदारी गर्ने प्रतिवद्धता पत्र,
- संस्थाको सञ्चालक समितिको निर्णयको प्रतिलिपी,
- सम्बन्धित संस्थाको विधानको प्रतिलिपी,
- उक्त संस्थाले विगत दुई वर्षदेखि अपाङ्गताको क्षेत्रमा काम गरेको प्रमाणित गर्ने कुनै कागजात।

पुनश्चः

- परामर्श सेवा प्रदायक संस्था, फर्म वा कम्पनीले कार्यक्षेत्रगत शर्त ( TOR ) अनुसारको क्रियाकलाप गर्नुपर्नेछ।
- थपजानकारीका लागि मोबाईल ९८६८२६३२१४ मा सम्पर्क गर्न हुन अनुरोध छ।

सामाजिक विकास कार्यालय, खलङ्गा सल्यानले आ.व. २०८२।०८३ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार सामाजिक विकास कार्यक्रम अन्तर्गत अपाङ्गता रोकथाम तथा पुनस्थापना सम्बन्धी क्रियाकलाप. सञ्चालन गर्न तयार पारिएको

## कार्यक्षेत्रगत शर्त- Terms of reference (TOR)

१. संस्थाले गर्नुपर्ने कामको पृष्ठमूमिः

मानवमा जन्मजात तथा जन्मपश्चात हुने अपाङ्गता न्यूनीकरण गर्दै अपाङ्गता भएका व्यक्तिको जीवनमा सहजीकरण गर्नको लागि प्रदेश सरकारमार्फत सामाजिक विकास कार्यालय अन्तरगत यो कार्यक्रम गरिने भएको छ। यस कार्यक्रम अपाङ्गता भएका व्यक्तिहरुको शारिरीक अंग प्रतिकुल वातावरणका कारण दैनिक जिवनयापन कठिन भएका व्यक्तिहरुको दैनिकीलाई सहज बनाई मर्यादित र सहज जिवनका लागि सहयोग गर्ने उद्देश्यले अपाङ्गता रोकथाम तथा पुनस्थापना सम्बन्धी क्रियाकलाप सञ्चालन गर्न अनुभवी योग्य संस्था, गैरसरकारी संघसस्था, फर्म वा कम्पनी रजिस्टारको कार्यालयमा दर्ता भई सम्बन्धित कार्यालयमा सूचिकृत भएको संघसस्था, फर्म वा कम्पनी छनौट गरी सामाजिक विकास कार्यालयले अपाङ्गता भएका व्यक्तिहरुको जिवनयापन सहज बनाउने गरी यस कार्यक्रम सञ्चालन गर्न यो कार्यक्षेत्रगत शर्त(TOR) तयार गरिएको छ। चालु आ.व . २०८२।०८३ मा कार्यक्रम सञ्चालनको लागि प्राप्त प्रस्तावहरुमध्येबाट सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ अनुसार छनौट गरिनेछ। यसरी छनौट भएका संस्थासंग सम्झौता गरी कार्यक्रम सञ्चालन हुनेछ ।

२. कार्यक्रमको उद्देश्यः

- अपाङ्गता भएका व्यक्तिहरुले अपाङ्गता सम्बन्धी सहायक सामाग्री प्राप्त गरेका हुनेछन।
- समुदायमा अपाङ्गता सम्बन्धि अभिमुखीकरण गरिएको हुनेछ।

३. कार्यक्रम लागु हुने क्षेत्र तथा लक्ष्यः

सामाजिक विकास कार्यालयले तोकेको वडा वा स्थानहरुमा कार्यक्रम लागु गरिनेछ। यस कार्यालयले तोकेको लक्ष्य अनुसार कार्यक्रम सञ्चालन हुनेछ।

४. छनौट भएका संस्थाले गर्नुपर्ने कार्यहरुः

कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा विकास निर्देशनालय
सामाजिक विकास कार्यालय
खलङ्गा, सल्यान

अपाङ्गता रोकथाम तथा पुनस्थापना सम्बन्धी कार्यविधिको अनुसूची अनुसारको कार्यक्रमः

- अपाङ्गता भएका व्यक्तिको तथ्याङ्क संकलन र अद्यावधिकरण
- पुनःस्थापना योजना निर्माण
- सहायक सामाग्री प्रदान
- अपाङ्गता भएका व्यक्तिहरुको अधिकार र सवालका बारेमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने।

५. रणनीति वा योजनाको कार्य

- कार्यक्रम कार्यान्वयनको लागि कार्य योजना निर्माण गर्ने।

६. कार्यक्रमको निगरानी र मूल्याङ्कनः

- कार्यान्वयन प्रक्रियाको निरन्तर निगरानी।

७. सहभागिताः

- समुदाय र सरोकारवालाको सहभागिता हुने

८. सेवा प्रदायक संस्थाहरुबाट प्राप्त प्रस्तावको मूल्याङ्कनको आधारः

सेवा प्रदायक संस्था वा संस्थासंग सम्बन्धित संस्थाको अनुभव क्षमताः

| क्र.स. | मूल्याङ्कनका आधार | परिक्षण गर्ने कागजातहरु |
|---|---|---|
| १ | संघसस्था, फर्म र कम्पनीको प्रोफाईल(२० अङ्क) | संघसस्था, फर्म र कम्पनी दर्ता भएको मिति, संस्था कारोबारको प्रकार, हाल सम्म काम गरेको विवरण वा प्रतिवेदन |
| २ | व्यवस्थापन क्षमता(२० अङ्क) | कामको लागि उपलब्ध जनशक्ति, ईक्यूपमेन्टस वा सामग्री |
| ३ | बित्तीय समक्षमता(२० अङ्क) | नगद प्रवाहको स्थिति( कम्तिमा २५% लागत साझेदारी) |
| ४ | आशयपत्रदाताको सम्बन्धित कार्यको अनुभव( २० अङ्क) | विगत दुई वर्षसम्म सम्पन्न गरेको समान प्रकृतिको काम र स्थानको विवरण |
| ५ | प्राविधिक जनशक्तिको अवस्था(१० अङ्क) | अनुभवी, योग्य र सम्बन्धित क्षेत्रमा काम गरेको जनशक्ति भएको प्रमाण |

| | | |
|---|---|---|
| ६ | आर्थिक प्रस्ताव(१० अङ्क) | साझेदारी सहितको लागत अनुमानको प्रस्ताव |

९. सेवा प्रदायक संस्था मूल्याकन समितिः

सेवा प्रदायक संस्थाबाट प्रस्ताव पेश गरिएका फर्महरुको मूल्याङ्कन गर्ने देहायबमोजिमको एक मूल्याङ्कन समिति हुनेछः

क. कार्यालय प्रमुखले तोकेको एकजना शाखा अधिकृत- संयोजक

ख. प्रदेश लेखा ईकाई प्रमुख वा लेखा शाखा हेर्ने कर्मचारी - सदस्य

ग. सामाजिक विकास शाखा हेर्ने अधिकृत- सदस्य

घ. प्रशासकीय अधिकृत एकजना- सदस्य

१०. सेवा प्रदायक संस्थाको संस्थागत योग्यता सम्बन्धी विवरणः

- सम्बन्धित वडा कार्यालय वा स्थानीय तहको सिफारिस,
- संस्था दर्ता, नविकरण र स्थायी लेखा नम्बर लिएको प्रमाणपत्र प्रतिलिपी,
- आ.व. २०८१।०८२ को लेखा परिक्षण प्रतिवेदन र कर चुक्ता प्रमाणपत्र प्रतिलिपी,
- कार्यक्रमको लागि प्रस्ताव ( आर्थिक र प्राविधिक समय तालिका सहित ) र २५ प्रतिशत संस्थाले साझेदारी गर्ने प्रतिवद्धता पत्र,
- संस्थाको सञ्चालक समितिको निर्णयको प्रतिलिपी,
- सम्बन्धित संस्थाको विधानको प्रतिलिपी,
- उक्त संस्थाले विगत दुई वर्षदेखि अपाङ्गताको क्षेत्रमा काम गरेको प्रमाणित गर्ने कुनै कागजात।
- कार्यक्षेत्रमा उल्लेख भएअनुसारको जनशक्तिको उपलब्धता हुनुपर्ने।

११. संलग्न जनशक्तिको न्यूनतम योग्यता तथा आवश्यक अनुभवः

- क्रियाकलाप सञ्चालनको लागि आवश्यक पर्ने न्यूनतम जनशक्ति।

१२. परामर्शदाले गर्नुपर्ने कार्यको समयसीमाः

- सम्झौता भएको मितिले ६० दिनभित्र परामर्शदाताले बुँदा नम्बर चार उल्लेखित सम्पूर्ण कार्य सम्पन्न गर्नु पर्नेछ।

१३. प्रस्ताव पेश गर्ने तरिकाः

कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा विकास निर्देशनालय
सामाजिक विकास कार्यालय
सल्यान

- सेवा प्रदायक संस्थाले प्रस्तावलाई खाममा शिलबन्दी गरी खामको बाहिर नाम, ठेगाना सहित सामाजिक विकास कार्यालय सल्यानको कार्यालयमा तोकिएको मिति र विधि अनुसार पेश गर्नुपर्नेछ।

१४. प्रस्ताव मूल्याङ्कन गर्ने तरिकाः

- सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ अनुसार मूल्याङ्कन गरिनेछ।

१५. विविधः

- प्रचलित ऐन कानूनको अधीनमा रही यसमा उल्लेख भएका कुराहरु यसै बमोजिम र अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ बमोजिम हुनेछ।

कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा विकास निर्देशनालय
सामाजिक विकास कार्यालय
खलंगा, सल्यान